# शारदा राजपत्र

## शारदा नगरपालिका द्वारा प्रकाशित

खण्ड ९ संख्या १७ मिति २०८२।०७।२४

भाग २


शारदा नगरपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।

# बाल कोष सञ्चालन कार्यविधि, २०८२

**शारदा नगरपालिका**

**बाल कोष सञ्चालन कार्यविधि, २०८२**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०७/१९

प्रमाणीकरण मितिः २०८२/०७/२२

**प्रस्तावनाः**

शारदा नगरपालिकामा रहेका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई आर्थिक सहयोग तथा पीडित बालबालिकालाई उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार तथा मनोवैज्ञानिक सहयोग उपलब्ध गराउन र पुनर्स्थापना गर्ने कार्यलाई प्रभावकारी बनाउन एक कोष स्थापना गरी कार्यान्वयन गर्न वाञ्छनीय देखिएकोले,

शारदा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, **२०८० को दफा २** ले दिएको अधिकार प्रयोग गरि नगरपालिकाले बाल कोष (सञ्चालन) कार्यविधि, २०८२ बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "शारदा नगरपालिकाको बाल कोष (स्थापना तथा सञ्चालन) कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यालय"** भन्नाले शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ख) "**कार्यपालिका"** भन्नाले शारदा नगरपालिका नगरकार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) **"नगरसभा"** भन्नाले शारदा नगरपालिकाको नगरसभा सम्झनु पर्दछ।

(घ) **"बालबालिका"** भन्नाले बाल अधिकार ऐन, २०७५ बमोजिम अठार बर्ष उमेर नपुगेका बालबालिकालाई सम्झनु पर्दछ।

(ङ) **"विशेष संरक्षण भएका बालबालिका**" भन्नाले बाल अधिकार ऐन, २०७५ को परिच्छेद ५ को उपदफा १ बमोजिमका बालबालिकालाई सम्झनु पर्दछ।

(च) **"कोष"** भन्नाले दफा ३ बमोजिमको शारदा नगरपालिका बाल कोष सम्झनु पर्दछ।

(छ) **" सञ्चालक समिति"** भन्नाले दफा ८ बमोजिमको सञ्चालक समिति सम्झनु पर्दछ।

(ज) **" हिंसा"** भन्नाले सार्वजनिक स्थल, विद्यालय, घरपरिवार अन्य स्थानमा हुने दुर्व्यवहार सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिकताको आधारमा हुने सबै प्रकारको हिंसा सम्झनु पर्दछ।

**३. कोषको स्थापनाः** (१) शारदा नगरपालिकामा बाल कोष नामको एक कोष स्थापना गरिने छ। जसमा देहाय बमोजिमका रकमहरु रहनेछन्;-

(क) संघ वा प्रदेश बाट प्राप्त रकम,
(ख) नगरपालिकाबाट विनियोजित रकम,
(ग) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,
(घ) विदेशी व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,
(ङ) बैंक खातामा रहेको मौज्दात बाट प्राप्त व्याज रकम,
(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(३) माथि जुनसुकै कुरा लेखिएको भएतापनि दफा ३ (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको सहमती लिनु पर्नेछ।

(४) उपदफा १ बमोजिमको रकम सरकारी कारोबार निर्देशिका, २०७६ बमोजिम नगरपालिकाको नाममा बैंकमा रहेको विविध खातामा जम्मा गरिनेछ।

(५) कोषको खातामा सञ्चालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

**४. कोषमा रकम जम्मा गर्नेः** बालबालिकाको हकहित संरक्षणका लागि नगरपालिकाले बार्षिक रुपमा तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ।

**५. कोषको उपयोगः** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका, हिंसा पिडित बालबालिका, सडक बालबालिका वा प्राकृतिक विपतबाट प्रभावित बालबालिका वा  अभिभावकविहिन बालबालिकाको सर्वोत्तम हितका लागि पीडित बालबालिकाको लागि,
(ख) औषधि उपचार गर्न,
(ग) तत्काल उद्धार गर्न,
(घ) कानुनी सहायता मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,
(ङ) पुनर्स्थापना गराउन,
(च) बालबालिकाको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा प्रयोग गर्न,
(छ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गर्न,

(२) उपदफा (१) मा जस्तोसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले कुनै पनि वालबालिका तथा किशोर किशोरी विभिन्न प्रकारको हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगि भई सडकमा आएका बालबालिकालाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः**

(९) कोषको रकम दफा (५) मा लेखिए वाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

**७. कार्यालयलाई रकम उपलब्ध गराउने:** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि सञ्चालक समितिले कोषबाट कार्यालयको नाममा रकम निकासा दिनेछ।

**८. सञ्चालक समितिको गठनः**

(१) बालबालिकाहरुलाई विशेष संरक्षण प्रदान गर्नको लागि देहाय बमोजिमको सञ्चालक समिति रहनेछ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| (क) नगरपालिका उप प्रमुख | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) सामाजिक विकास समिति संयोजक | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) महिला,बालबालिका तथा समाज कल्याण शाखा प्रमुख | सदस्य सचिव |

(च) आवश्यकतानुसार यस समितिमा शिक्षा, स्वास्थ्य र कानुन शाखाका कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

(३) सञ्चालक समितिको सचिवालय नगरपालिकाको महिला बालबालिका तथा समाज कल्याण शाखामा रहनेछ।

(४) आवश्यकतानुसार सम्बन्धित विषयका विज्ञ तथा सरोकारवाला महानुभावहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(६) संञ्चालक समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**९. सञ्चालक समितिको काम, कर्तब्य र अधिकार :** संञ्चालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पीडित तथा प्रभावित बालबालिकाको तत्काल उद्धार, पुर्नस्थापना, राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने,

(ख) अभिभावक विहिन बालबालिका, हिंसा पिडित बालबालिका, सडक बालबालिकाका तथा संरक्षण गर्न आवश्यक भएका बालबालिकाको औषधि उपचार गर्न तथा तत्काल उद्धार गर्न आवश्यक सहयोग उपलब्ध गराउने,

(ग) कानुनी सहायता मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न आवश्यक परेमा सोको व्यवस्था मिलाउने,

(घ) अनुगमन गर्ने वा गराउने,

(ङ) स्थानीय तहमा बालबालिकाको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(च) बालबालिकाको अधिकार सुनिश्चित गर्नको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम संञ्चालन गर्ने,

(छ) बालबालिकाको संरक्षणको निम्ति अन्य आवश्यक काम गर्ने वा गराउने।

**१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार** : (१) यस कार्यविधि विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ।

(क) अभिभावक विहिन हिंसा पिडित बालबालिकाहरुलाई वडाको सिफारिस अनुसार बढिमा ५०००।(पाँच हजार) रुपैया सम्म,

(ख) कानुनी सहायता, मनोवैज्ञनिक उपचार वा मनोविमर्शका लागि ५०००।(पाँच हजार) रुपैयामा नबढ्ने गरि लागेको यथार्थ खर्च,

(ग) पुनर्स्थापनाको लागि बढिमा रु. १०००० (अक्षेरुपी दश हजार रुपैया)

(घ) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरि बढीमा १५०००।- (अक्षेरुपी पन्ध्र हजार रुपैया) सम्म।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा सञ्चालक समितिले त्यस्तो पीडितलाई रु. २०००० (बीस हजार) नबढ्ने गरि मनासिव रकम थप गरि दिन सक्नेछ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनःस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनका लागि कोषबाट रु.१५०००।- (पन्ध्र हजार) मा नबढ्ने गरी मनासिब रकम सम्बन्धित पीडित बालबालिकालाई उपलब्ध गराउन सक्नेछ।

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :**

(१) यस कार्यविधि वमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्नको लागि आवश्यक बालबालिकाले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित महिला वालवालिका तथा समाज कल्याण शाखामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचवुझ गर्दा पीडितलाई तत्काल राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा संञ्चालक समितिले उपदफा १० को अधीनमा रही पीडितलई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

**१२. तत्काल रकम उपलब्ध गराउन सक्ने :** (१) यस कार्यविधमा अन्यत्र जुनसुकै कुरा लेखीएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानविय क्षति हुने देखिएमा सञ्चालक समितको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट रु १०,०००।- रु दश हजार मात्र ) नवढ्नेगरी मनासिव रकम सम्वन्धित पीडित बालबालिकालाई उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) वमोजिमको अवस्था परि संञ्चालक समितिको अध्यक्षबाट बालबालिकालाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईए पछि वस्ने संञ्चालक समितिको बैठकवाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

**१३. थप रकम निकासा माग गर्न सक्ने:** (१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई सञ्चालक समितिले थप रकम माग गर्न सक्नेछ ।
(२) उपदफा (१) वमोजिम थप रकम माग भई आएमा नगर कार्यपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१४. कोषको लेखा र लेखापरीक्षण:** (१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।
(२) कोषको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

**१५. आवर्ति (रिभल्भीङ कोष:** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहने छ।

**१६. प्रतिवेदन पेश गर्ने:**
(१) समितिले प्रत्येक ६ महिनामा सो समितिबाट भए गरेका काम र कारवाहीको प्रतिवेदन कार्यापालिकालाई बुझाउनु पर्नेछ ।
(२) सञ्चालक समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारबाहीको प्रतिवेदन कार्यपालिका समक्ष पेश पेश गर्नु पर्नेछ।
(२) नगरपालिकाले बार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ ।

**१७.बैठक भत्ता:** सञ्चालक समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत रू १०००/- (एक हजार मात्र) बैठक भत्ता वापत पाउनेछ । जसमा कानून अनुसार कर कट्टी हुनेछ ।

**१८. निर्देशन दिन सक्ने:**
(१) नगर कार्यपालिकाले सञ्चालक समितिका कामकारवाहीका सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ ।
(२) उपदफा(१) बमोजिम दिइएको सुझाव तथा निर्देशनको पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ ।
**१९. सञ्चालक समितिको बैठक र निर्णय:**

(१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
(२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ ।
(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिका सदस्य सचिवले बैठकमा छलफल हुन कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ
(४) सञ्चालक समितिका कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) सञ्जालक समितिको बैठकको अध्यक्षता यस समितिका अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालक समितिका उपस्थित सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले गर्नेछ।
(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तित्ते निर्णायक मत दिनेछ।
(७) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार नगरपालिकाको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकका रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।
(८) सञ्चालक समितिको निर्णय सो समितिका सदस्य सचिवले प्रमाणित गरी सचिवालयमा सुरक्षित राख्नेछ।
(९) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।
(१०) कार्यविशिष्टीकरण र कार्यबोझका आधारमा सञ्चालक समितिले उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

**२०. कोष खारेजः**

(१) कुनै कारण बस कोष सञ्चालन गर्न आवश्यक नदेखिएमा नगरकार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ।
(२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगरकार्यपालिकाको बैठकबाट हुनेछ।

## अनुसूची - १
## (नियम ८ को (१) सँग सम्बिन्धित)
## सहयोग माग गर्ने निवेदनको ढाँचा

श्री प्रमुख ज्यू
बालकोष सञ्चालक समिति
शारदा नगरपालिका खलंगा, सल्यान

विषयः सहयोग उपलब्ध गराइ पाउँ।

म शारदा नगरपालिका वार्ड नं ….. मा बस्ने वर्ष……. को ………….. मिति............. बाट पीडित भएको छु। मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक/अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार कानुनी सहायता एवं परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय वाल कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिन हुन यो निवेदन पेश गरेको छु ।

**निवेदकको:**
नाम थरः
ठेगानाः
दस्तखतः
मितिः

**प्रमाणीकरण मिति :**
**राजपत्रमा प्रकाशित मिति:**

**आज्ञाले,**
**ओम प्रकाश देवकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**